# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बुटवल, रुपन्देही
## लुम्बिनी प्रदेश, नेपाल
## दरभाउपत्र आह्वानको सूचना
**प्रथम पटक प्रकाशित मिति २०७७/०८/१८**

बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय बुटवलको चालु आ.व.२०७७/०७८ का लागि स्वीकृत बजेट नीति तथा कार्यक्रम अन्तर्गत देहाय बमोजिमको कार्य सिलबन्दी दरभाउपत्रद्धारा गराउनु पर्ने भएकोले सम्बन्धित निकायबाट देहाय बमोजिमको कार्य गर्न ईजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही दरभाउपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१ दरभाउपत्र फाराममा उल्लेखित आईटमहरुको इकाई दर अंक र अक्षरमा प्रष्ट संग लेख्नुपर्नेछ । इकाई दर अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । दरभाउपत्रमा माग भएका सबै आईटमको दररेट नलेखि वा अपुरो दररेट लेखि पेश गरेमा उक्त दरभाउपत्र रद्द गरिनेछ ।

२. कुनै कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने/ आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

३ दरभाउपत्रदाताले दरभाउपत्रसाथ धरौटी वापतको रकम रु.५५,०००/-दरभाउपत्र जमानत वापत यस नगर कार्यपालिकाको कार्यालयको राष्ट्रिय बाणिज्य बैंक खस्यौली शाखामा रहेको कार्यालय कोड नं ८०१०५४८०१ धरौटी खाता नं.३१२०१००३०३००००२ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले न्यूनतम ७५ दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत पत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

४. दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट सोही समयमा दरभाउपत्र खरिद र दाखिला गर्ने कार्य हुनेछ ।

५ दरभाउपत्रदाताले दरभाउपत्र फाराममा उल्लेखित स्पेसिफिकेशन बमोजिमका सामानहरु आपुर्ति गर्नुपर्नेछ ।

६ सार्वजनिक खरीद ऐन २०६३, (संसोधन सहित) सार्वजनिक खरीद नियमावली २०६४ (संसोधन सहित) र अन्य प्रचलित नियम कानून अनुसार तोकिएको आधारहरु पुरा नभएको, रीत नपुगेको, म्यादभित्र दर्ता नभएको र यस सूचना एवं दरभाउपत्र सम्वन्धी कागजातमा उल्लेखित शर्तहरु पूरा नभएको दरभाउपत्रमा कुनै कारवाही हुनछैन ।

७ दरभाउपत्र सम्बन्धि अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको जिन्सी शाखामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

८ प्रकाशित सूचना र टेण्डर डकुमेण्टका कुनै शर्त बाझिन गएमा सूचनामा प्रकाशित शर्त मान्य हुनेछ ।

| सि.न. | ठे.न. | कामको विवरण | दरभाउपत्र दस्तुर रु | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | १२/२०७७/०७८ | ब्राण्डेड डेस्कटप कम्प्यूटर,प्रिन्टर, ल्यापटप आपूर्ति कार्य (स्पेसिफिकेशन अनुसारको) | १,०००.०० (पछि फिर्ता नहुने) | मिति २०७७/०९/०२ गते कार्यालय समय भित्र | मिति २०७७/०९/०३ गते दिनको १२.०० बजे भित्र | मिति २०७७/०९/०३ गते दिनको १.०० बजे |

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय